

# राजनीतिको कालरात्रिको दियो
# यशोधा अधिकारी



- शान्ता बस्याल

नेपालको राजनीतिक, सामाजिक तथा महिला मुक्ति आन्दोलनको अगुवा हुनुहुन्छ यशोधा अधिकारी। यशोधा अधिकारीको जन्म साबिक कोशी अञ्चल तम्फुला गा.वि.स., वडा नं. ७ खाल्टे (धर्मपुर)मा भएको हो र उहाँ हाल म्याङ्लुङ नगरपालिका वडा नं. १० तेह्रथुममा बस्दै आउनुभएको छ। उहाँको जन्म वि.स. २०१७ पौष ३ गते शनिवारका दिन आमा सरस्वती अधिकारी र बुवा देवेन्द्र अधिकारीको सन्तानका रूपमा भएको हो । उहाँका चार दिदीहिनी र दुई दाजुभाइ हुनुहुन्छ ।

उहाँको परिवार मध्यम वर्गीय किसान परिवार भएकोले आर्थिक समस्या खासै भोग्नु परेन। उसो त उहाँका बवा शिक्षक पेसामा हुनुहुन्थ्यो। उहाँहरूको परिवारमा छोरा र छोरीका बिचमा खासै फरक व्यवहार गरिँदैनथ्यो । त्यसै कारण उहाँका आमाबुवाले विराटनगर १२ मा उहाँका लागि पक्की घर निर्माण गरिदिनु भएको थियो । उहाँका आमाबुवाले आफ्ना सबै छोराछोरीलाई समान रूपमा शिक्षाआर्जन गर्ने अवसर प्रदान गर्नुभएको थियो ।

## शिक्षा

त्यस समयमा छोरीलाई पढाउने खासै चलन थिएन। तर, यशोधा अधिकारीका बुवा आफै शिक्षक हुनुका नाताले शिक्षाको महत्व बुझ्नु भएको थियो। त्यसकारण आफ्ना सबै सन्तानलाई शिक्षा प्राप्त गर्ने अवसर दिनुभएको थियो। यशोधा अधिकारीले पनि माध्यमिक तहसम्मको शिक्षाआर्जन गर्नुभयो। उहाँले स्कुले शिक्षा प्राप्त गरेसँगै बुर्जुवा शिक्षा बहिष्कारको लहरमा लहरिनुभयो । अध्ययनलाई बिचमै छाडेर उहाँ राजनीतिमा अग्रसर हुन थाल्नुभयो ।

## राजनीति

वि.स. २०३७ सालमा झापाको गौरादह माध्यामिक विद्यालयमा अध्ययनरत रहदाँ उहाँ स्कुल प्रारम्भिक कमिटि (प्रा.क.)मा उपाध्यक्षको

जिम्मेवारी लिएर सङ्गठन मा औपचारिक रूपमा क्रियासिल हुन सुरु गर्नुभयो । ठिक सोही समयमा अनेमसंघ झापा जिल्ला, दक्षिण इलाका कमिटी अध्यक्ष भएर काम गर्नुभयो । त्यसरी जागरुक भएर पार्टीका जनसङ्गठन विद्यार्थी र महिलाका क्षेत्रमा क्रियाशील उहाँ व्यवस्था विराधी आन्दोलनमा होमिने अवस्थामा पुग्नुभयो । चेतनाको स्तर बृद्धिसँगै उहाँले नेपाल कम्युनिष्ट पार्टी मालेमा आबद्ध भएर काम गर्न सुरु गर्नुभयो । २०४२ सालमा उहाँले आफ्नो अध्ययनलाई थाती राखेर पार्टी काममा लागेसँगै शिक्षक सङ्गठनबाट सञ्चालित आन्दोलनमा सहभागी हुनुभयो । उक्त आन्दोलनबाट उहाँलाई पक्राउ गरियो । त्यस समयमा उहाँ झापा जिल्लाको दक्षिण इलाका कमिटीको अनेमसंघ अध्यक्षको जिम्मेवारीमा हुनुहुन्थ्यो । त्यो समय पञ्चायत विरोधी आन्दोलनहरू जनवर्गीय सङ्गठनले गर्दथे । पार्टीको निर्देशनमा यशोधाले शिक्षकद्वारा आयोजित विरोध कार्यक्रममा भाग लिनुभएको थियो । उक्त आन्दोलनमा कमरेड मेनुका काफ्ले र कमरेड यशोधा अधिकारी झोलामा ढुङ्गा बोकेर आन्दोलनमा सहभागी हुनुभएको थियो । आन्दोलनका सहभागीहरूलाई धरपकड गरियो । जसबाट धेरै आन्दोलनकारी प्रभावित भए । केहीलाई गिरफ्तार गरियो । अनेमसंघबाट जानुभएका यशोधा अधिकारी र पवित्रा पौडेल पनि गिरफ्तारीमा पर्नुभयो । आन्दोलनकारीमाथि सुरुक्षा निकायले गरेको कारवाहीमा पवित्राको टाउकोमा गम्भीर चोट लाग्यो । यशोधालाई मरणासन्न हुने गरी पिटेपछि कस्टडीमा लगियो । उहाँलाई कस्टडीमा लगेको पनि थाहा भएन । अर्धचेत अवस्थामा नै कस्टडीमा पुऱ्याइएकी यशोधाको लगभग छ घण्टापछि मात्र होस खुलेको थियो । उहाँ होसमा आउँदा अत्यन्त तिर्खाएको अवस्थामा हुनुहुन्थ्यो । सुरक्षाकर्मीले पानी दिनुको सट्टामा छुद्र वचनमा गाली दिए । उनीहरूले 'यसले अझै पानी माग्छे, यसको मुखमा पिसाब गरिदिनु पऱ्यो' भन्दा उीनहरूप्रतिको विद्रोहको ज्वाला थप दन्किएको थियो । त्यस समयमा खाएको पिटाइ र यातनाका कारण पूरै शरीर चल्न नसक्ने भएको थियो । कस्टडीमा रहेकैबेला पिसाब आयो भनेर शौचालय जान अनुमति माग्दा माटोको घैटो दिएर पिसाब

फेर्न भनेका थिए । उहाँ त्यसमा पिसाब फेर्नसक्ने अवस्थामा हुनुहुन्थेन । त्यसकारण रिसले चुर भएर घैंटो नै फुटाइदिनु भएकोथियो ।

त्यतिबेला गिरफ्तारीमा परेपछि २२ दिनसम्म कस्टडीमा नै राखियो । कस्टडीमा रहँदा घरपरिवारले खाना खुवाउन पर्दोरहेछ। त्यसबेला उहाँलाई खाना पुऱ्याउने काममा आफ्ना भाइका ससुराली भाइ (साला) भवानी गौतम र आफ्नै भाइबुहारी मुना गौतम अधिकारीले गर्नुहुन्थ्यो । यातनाका कारण पूरै शरीर चल्न नसक्ने भइसकेको थियो । जब थुनामुक्त हुनुभयो, घरायसी स्याहारसुसार र राम्रो खानपानका कारण हिँड्नसक्ने हुनुभयो। आमाले नुहाइदिने गर्नुहुन्थ्यो। बुवा, भाइ, बुहारीले खाना खुवाउने र मालिस गरिदिने गर्नुहुन्थ्यो। केही दिनपछि उहाँलाई ब्रिटिस क्याम्पमा लगेर उपचार गरेपछि सन्चो हुनुभयो ।

स्वास्थमा सुधार आएसँगै उहाँले पार्टी काममै फर्किने निधो गर्नुभयो । पार्टीले उहाँलाई सङ्खुवासभाको उत्तरतर्फ कामगर्ने गरी जिम्मेवारी दियो । पार्टीको निर्देशन अनुसार नै उहाँले आफ्नो कार्यक्षेत्रमा कामलाई व्यवस्थित तवरले अगाडि बढाउनुभयो। उक्त क्षेत्रमा कमरेड मदन भण्डारी पार्टी निर्माणमा जुटिरहनु भएको थियो। त्यस क्षेत्रमा काम गर्दै जाँदा यशोधाको पहिचान खुलेकोले जोखिम बढेको थियो। पार्टीले भूमिगत रूपमा कोशी र सगरमाथा क्षेत्रमा काम गर्ने अनेमसंघका कार्यकर्ताहरूका लागि प्रशिक्षण आयोजना गऱ्यो। त्यो अञ्चलस्तरीय प्रशिक्षण दुई दिनसम्म चलेको थियो । त्यस प्रशिक्षण कार्यक्रमबाटै नयाँ कमिटी निर्माण पनि भयो। जसको अध्यक्षमा कमरेड सुशिला श्रेष्ठ छानिनुभयो र सदस्यहरूमा यशोधा अधिकारी, विद्या भण्डारी, जया घिमिरे रहेको समन्वय समिति बनाइयो । उक्त प्रशिक्षण कार्यक्रममा प्रशिक्षकको रूपमा कमरेड मदन भण्डारी, कमरेड अशोक राई, कमरेड हरि पोखरेल हुनुहुन्थ्यो । त्यसबेला यशोधा अधिकारीको भूमिगत नाम सबिता राखिएको थियो। सङ्खुवासभा जिल्लाको उत्तरतर्फको जिम्मेवारीमा रहनुभएकी सबिताको पहिचान खुलेको कुरा प्रशिक्षणको समापनपछि कमरेड

मदन भण्डारीलाई जानकारी गराइयो। त्यसपछि कमरेड मदन र कमरेड अशोकको सल्लाहमा सबितालाई संखुवासभाको दक्षिण भेगतर्फ सङ्गठन गर्ने जिम्मेवारी दिइयो । त्यसपछि उहाँ कमरेड अशोक राईको साथमा जिल्लाको दक्षिणी भेगका सम्पूर्ण इलाकामा पार्टी काम गर्ने गरी जानुभयो । एक वर्षसम्म उहाँले त्यस क्षेत्रमा काम गर्नुभयो । त्यस समयमा उहाँले अनेमसंघलाई टोल टोलसम्म पुऱ्याउनु भयो। त्यो काम गर्न त्यति सजिलो थिएन । ती असजिला परिस्थितिमा पनि उहाँले ज्यान जोखिममा राखेर पार्टी सङ्गठन विस्तार गर्ने काममा लाग्नुभयो । भूमिगत कालमा कमरेड मदन भण्डारीले योगमाया न्यौपानेका बारेमा बताउनुभएको थियो । योगमायाका बारेमा प्रकाशित पुस्तक प्राप्त भएमा उपलब्ध गराउने भन्नुभएको थियो। यशोधा काम गर्दैजाँदा भोजपुरको चन्दनपुर पुग्नुभयो । चन्दनपुरमा योगमायाबारे लेखिएको पुस्तक पाइन्छ कि भनेर बुझ्नु भयो। उहाँले नेपाले डाँडामा आफ्नी मितिनी विमला कुइँकेलकोमा जाने भनेर प्रशासनलाई ढाँटी चन्दनपुर पुग्नुभएको थियो । चन्दनपुरमा योगमायाकी भदैनी पर्ने विमला नामकी महिलासँग उहाँको भेटभयो । उहाँसँग योगमायाका बारेमा प्रकाशित पुस्तकका बारेमा बुझ्नुभयो । विमलाले पुस्तक योगमायाको माइतीमा रहेको जानकारी गराउनु भयो । भोजपुरको नेपालेडाँडा योगमायाको माइती घरमा पुस्तक छ भन्ने थाहा पाएपछि यशोधा र विमला भएर नेपालेडाँडा जानुभयो। पुस्तक छ भनेर नेपालेडाँडामा पुगे पनि पुस्तक सहजै पाउने अवस्था थिएन । योगमायाका बारेमा लेखिएको पुस्तकलाई अन्य धार्मिक ग्रन्थसँगै रातो कपडामा बेरेर अत्यन्तै जतन गरेर राखिएको थियो। दैनिक रूपमा नुहाइधुवाई गरेर कुशको गुन्द्रीमा बसी हरेक दिन साँझ र बिहान पढ्ने गरिएको थियो। त्यसरी जतन गरी राखेको पुस्तक माग्नै कठिन थियो, मागे पनि पाइने सम्भावना अत्यन्तै न्यून थियो । पुस्तक पाउनका लागि उहाँले सात आठ दिनसम्म उनीहरूसँगै बसेर पारिवारिक सम्बन्ध कायम गराई बढो अप्ठयारो मानी मानी पुस्तक माग्नुभयो । पारिवारिक सम्बन्ध बनाएर, विश्वास दिएर पुस्तक मागेकोले अप्ठ्यारो मान्दै छिटै फिर्ता गर्ने सर्तमा पुस्तक पाउनुभयो । पुस्तक पाएपछि यशोधा र विमला चन्दनपुर

फर्कनुभयो । त्यसपछि अशोक राई मार्फत मदन भण्डारीको हातमा पुस्तक पुग्यो । मदन भण्डारीले केही दिनमा पुस्तकका कुरा उतार गरेर फिर्ता पठाउनु भयो । पुस्तक फिर्ता आएपछि यशोधाले नेपालडाँडामा पुस्तक पुऱ्याउन अर्कैलाई जिम्मा दिनुभयो ।

कमरेड यशोधाले काम गर्दैगर्दा २०४६ को जनआन्दोलन भयो । आन्दोलनका क्रममा कमरेड अष्टलक्ष्मी शाक्य पक्राउ पर्नुभयो । उहाँलाई झापाको भद्रपुर जेलमा राखियो । अष्टलक्ष्मीलाई भेट्न यशोधाले प्रशासनका जोखिमका वाबजुद जेलसम्म पुग्नुभयो । यशोधाले गरेको कामको उच्च मूल्याङ्कन गरेर पार्टीले उहाँलाई २०४७ मा सङ्गठित सदस्यता प्रदान गरेको थियो । त्यसबेला पार्टी सदस्यता पाउन अहिले जस्तो सजिलो थिएन । उहाँले २०४९ सम्म संखुवासभामा पार्टी जिल्ला कमिटीमा रहेर काम गर्नुभयो । पछि २०५० देखि २०५४ सम्म नेकपा (एमाले) तेह्रथुम जि.क.स.को जिम्मेवारीमा रहेर जिम्मेवारी निर्वाह गर्नुभएकी यशोधाले २०५४ बाट कोशी अञ्चल समन्वय कमिटी सदस्यको जिम्मेवारी पाउनुभयो । २०५६ मा उहाँ पार्टीको प्रतिनिधि परिषद् सदस्यको जिम्मेवारी प्राप्त गर्नुभयो । मुलुक सङ्घीय प्रणालीमा गएसँगै उहाँले कोशी प्रदेश सदस्यको भूमिका प्राप्त गर्नुभयो । नेकपा (एमाले) को दसौँ राष्ट्रिय महाधिवेशनपछि उहाँ पार्टीको राष्ट्रिय परिषद् सदस्यको भूमिकामा हुनुहुन्छ । उहाँले पार्टीको जनसङ्गठन अनेमसंघको विभिन्न तहमा रहेर भूमिका निर्वाह गर्नुभयो । जसमा अनेमसंघ संखुवासभा जिल्ला कमिटी २०४७, ०४८ मा रही भूमिका निर्वाह गर्नुभयो र अनेमसंघको दोस्रो राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्य, २०५४ मा महिला विभाग सदस्यको जिम्मेवारी पूरा गर्नुभयो ।

**संसदमा यशोधा**

पार्टीमा उहाँले गर्नुभएको योगदानको उच्च मूल्याङ्कन गर्दै २०६४ को संविधानसभा निर्वाचनमा पार्टीले टिकट दियो र उहाँ निर्वाचित पनि हुनुभयो । संविधानस भामा महिला अधिकारका लागि ठुल्ठुला वहस र

छलफल हुन्थे । त्यसमा उहाँले अत्यन्त सकारात्मक र प्रभावकारी ढङ्गले महिलाका अधिकार स्थापनाका लागि आवाज उठाउनुभयो । संविधान सभाको सदस्यको हैसियतमा राज्यको स्वरूप निर्धारण समितिकमा रहेर उहाँले विशेष भूमिका निर्वाह गर्नुभएको थियो । महिलाका अधिकार स्थापना गर्न त्यति सजिलो थिएन । त्यस कारण संसदमा रहेका सबै पार्टीका महिला सभासदहरूसँग सरसल्लाह गरेर अगाडि बढ्दा पार्टी भित्रैबाट अवरोध सिर्जना हुन्थ्यो । पितृसत्ताबाट प्रभावित मानसिकता रहेकाहरूले संसदीय उपसमितिमा महिलालाई राखेनन् । त्यसको तीव्र विरोध भएपछि कुनै कुनै बैंठकहरूमा आमन्त्रित भनेर महिला सभासदलाई पनि बोलाउन थालियो । बैंठकमा बोलाइए पनि बोल्ने अवसर दिइँदैनथियो । दिइ नै हाले पनि बोलेका कुरा सहजै पारित हुँदैनथ्यो । महिलालाई जनसङ्ख्याको आधारमा सहभागिता चाहिन्छ भन्ने विषयलाई निकै बहसमा ल्याइयो । धेरै लडाइँपछि राज्यका हरेक क्षेत्रमा ३३ प्रतिशत महिला सहभागिता अनिवार्य रहने कुरामा सहमति भयो । त्यतिबेला महिलाले प्रत्यक्ष निर्वाचनबाट ५० प्रतिशत महिला चुनिने व्यवस्था गरौँ भन्ने आवाज बुलन्द पारे, तर त्यसको सुनुवाई भएन । त्यसपछि केही महिला सांसदहरूले फरक ढङ्गले पेस हुने सल्लाह गर्नुभयो । त्यसरी अगाडि बड्नेमा यशोधा अधिकारी, डिल्ली महतो, शिला कपिला र सपना मल्ल हुनुहुन्थ्यो । उहाँहरूले ५ वटा विषयमा फरक मत जाहेर गर्नु भएको थियो ।

संसदीय दलका सचेतक भिम आचार्यसँग सल्लाह गरेरै फरक मत दर्ता गर्ने काम भयो । यो विषयमा अन्य दलका महिलाहरूलाई पनि साथमा लाग्न अनुरोध गर्दा खासै चासो देखाउनु भएन । स्वरूपमा महिला देखिए पनि चिन्तनमा पितृसत्ता हुँदा यस्तो भएको थियो ।

यसरी उहाँहरू लगातार लागिरहेपछि प्रत्यक्ष निर्वाचनबाट ३३ प्रतिशत नपुगेमा समानुपातिकबाट पुऱ्याउने सहमति भयो । निजामती सेवामा

प्रवेशका लागि महिलालाई उमेरको हद ४० वर्ष तोक्ने काम पनि यही बहसबाट स्थापित भयो ।

मुलुक सङ्घीयताको अभ्यास गर्ने क्रममा २०७४ सालमा सम्पन्न निर्वाचनमा सङ्घीय सांसदको रूपमा प्रदेश १ (हाल कोशी प्रदेश)बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित हुनुभयो। २०६२/०६३ को जनआन्दोलनमा सक्रिय भएर हिँड्दा पटक पटक पक्राउ पर्नुभएकी उहाँलाई कामको मूल्याङ्कन भएर नै पार्टीले अवसर प्रदान गर्दै आएको छ ।

राजनीतिलाई अगाडि बढाउन सामाजिक काममा अगाडि आउनुपर्दछ भन्ने कुरा यशोधाले राम्रोसँग बुझ्नु भएको छ । त्यसकारण उहाँले आफू आबद्ध भएको सङ्गठन अनेमसंघलाई आर्थिक संकटमुक्त बनाउन ' एक व्यक्ति– दस रुपियाँ' अभियान चलाएर २०५४ सालमा रु. १० लाख जम्मा पार्न सफल हुनुभएको थियो । सोही अभियान चलाएर कार्यकर्ताको आर्थिकस्तर उन्नत गराउनुभएको थियो । उहाँ २०६४ मा संविधानसभा सदस्यमा निर्वाचित भएसँगै ग्रामथान गाउँपालिकाको तेतरिया थारु सङ्ग्रहालय निर्माण गर्न विशेष भूमिका खेल्नुभएको थियो । उहाँले अशक्त, असहायहरूलाई समेत विशेष सहयोग गर्दै आउनुभएको छ। जसमा कानेपोखरीका दृष्टिविहीन सन्तोष माझीको घर निर्माण, कानेपोखरी ७ का सुभानसिंहको घर निर्माण, बेलवारी ५ का अनिष गिरीको घर निर्माणमा विशेष सहयोग पुऱ्याउनुभएको छ । त्यसैगरी २०७७ सालमा आयआर्जनका लागि पशुपालन भन्ने अभियान सञ्चालन गर्न योगमाया फाउण्डेसनको संयोजनमा ६० जनालाई बाख्रा र बङ्गुर वितरण गरी आर्थिक आत्मनिर्भरतातर्फ उन्मुख गराउनु भएको थियो । आफ्नो निर्वाचन क्षेत्रमा विपन्न परिवारका लागि बीउको रूपमा बाख्रा र बङ्गुर वितरण गर्नु भएको छ ।

देश र जनताका खातिर जस्तोसुकै परिस्थितिमा पनि डटेर काम गर्ने यशोधा काम गर्ने क्रममा आएका अप्ठ्यारा, अड्चन, लोभलालच केहीबाट प्रभावित हुनुभएन । उहाँको एउटै लक्ष्य व्यवस्था र व्यवस्था फेर्नु मात्रै रह्यो । त्यसमा पनि अझ अडिग भएर लागिरहनु भएकी उहाँ नयाँ पुस्ताका लागि प्रेरणाको स्रोत पनि हुनुहुन्छ । उहाँले राजनीतिक कामका दौरान चीन र थाइल्याण्डको भ्रमण गर्नु भएको छ ज्ञद्दघ।

*सन्दर्भ स्रोत*

१. यशोधा अधिकारीसँगको अन्तर्वार्ता
२. संविधानसभा २०६४ निर्वाचन परिणाम पुस्तिका
३. निर्वाचन परिणाम, २०७४ पूस्तिका, निर्वाचन आयोग
४. नेकपाएमाले कोशी अञ्चल साङ्गठानिक प्रतिवेदन
५. नेकपा(एमाले) उपाध्यक्ष अष्ठलक्ष्मी शाक्यसँगको कुराकानी

●